अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८०।०४।२४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

मालपोत कार्यालय, वीरगंजको रजिष्ट्रेशन फाँट क) र ग) बाट मिति २०७३।०४।०२ गतेका दिन रजिष्ट्रेशन पास गर्दा लिखतहरुमा घरबाटो सिफारिस विना न्यूनतम मूल्याङ्कनभन्दा कम मूल्य राखी राजस्व हिनामिना हुने गरी ब्यक्तिगत लाभ लिई लिखत पारित गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **मालपोत कार्यालय, वीरगंजका मालपोत अधिकृत हरिनारायण मिश्र, मालपोत अधिकृत सनद कुमार द्वीवेदी ब्रह्मण, मालपोत अधिकृत चन्द्रबहादुर भण्डारी, कम्प्युटर अधिकृत कमोद तिवारी, ना.सु. रामेश्वर प्रसाद साह र ना.सु. लेखनाथ भट्टराईले** फाँट "क" बाट १७ वटा र फाँट "ग" बाट २ वटा लिखतहरु पारित गर्दा लाग्ने राजस्व निर्धारण गर्दा आफूले पूरा गर्नुपर्ने तोकिएको दायित्व र जिम्मेवारी पूरा नगरी बदनियतपूर्वक गरेको कार्यबाट **रु.४,२५,५३१।२० राजस्व चुहावट** भएको देखिंदा निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ बमोजिमको कसुर गरेको देखिन आएकोले प्रतिवादी **रामेश्वर प्रसाद साह**लाई बिगो रु.३,८७,००२।४५ कायम गरी सोही ऐनको दफा ३(घ) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम विगोको दोब्बर जरिवाना हुने रकम रु.७,७४,००४।९० मध्ये असुल भएको रकम रु.२२,१९५।- घटाई हुन आउने रकम रु.७,५१,८०९।९० जरिवाना हुन, **प्रतिवादी कमोद तिवारीलाई** बिगो रु.११,७४७।७५ कायम गरी सोही ऐनको दफा ३ (क) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम विगोको दोब्बर रु.२३,४९५।५० जरिवाना हुन, **प्रतिवादी चन्द्र बहादुर भण्डारीलाई** बिगो रु.२,३९,४०४।०० कायम गरी सोही ऐनको दफा ३(घ) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम विगोको दोब्बर रु.४,७८,८०८।- जरिवाना हुन, **प्रतिवादी लेखनाथ भट्टराईलाई** बिगो रु.३८,५२८।७५ कायम गरी सोही ऐनको दफा ३(ख) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम विगोको दोब्बर जरिवाना गर्दा हुने रकम रु.७७,०५७।५० मध्ये दाखिला भएको रकम रु.३८,०००।- घटाई हुने रकम रु.३९,०५७।५० जरिवाना हुन, **प्रतिवादी हरिनारायण मिश्रलाई** रु.६०,७१९।३८ बिगो कायम गरी सोही ऐनको दफा ३ (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम विगोको दोब्बर जरिवाना गर्दा हुने रकम रु.१,२१,४३८।७६ मध्ये असुल गरेको रकम रु.२२,१९५।- र असुल भएको रकम रु.३८,०००।- घटाई हुन आउने रकम रु.६१,२४३।७६ जरिवाना हुन, **प्रतिवादी सनद कुमार द्वीवेदी ब्रह्मणलाई** रु.१,१३,७७८।२० बिगो कायम गरी सोही ऐनको दफा ३ (घ) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम विगोको दोब्बर हुने रकम रु.२,२७,५५६।४० जरिवाना हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल